# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७५/७६

मिति: २०७५/१२/२९

च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।११।२०

श्री प्रमुखज्यू,
रैनादेबी छहरा गाउपालिका,
पाल्पा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस रैनादेबी छहरा गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ६८ लाख ६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३१ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.९० लाख ८७ हजार, प्रमाण पेश गर्नुपर्ने रु.२ करोड ४३ लाख ५१ हजार र पेश्की रु.२ लाख ३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।१८ मा जारी गरिको प्रारम्भिक प्रतिबेदन उपर प्रतिक्रिया सहितको प्रमण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको लेखापरीक्षण प्रतिबेदन पाना १८ (अठार) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# रैनादेबी छहरा गाउँपालिका, पाल्पा
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी रैनादेवि छहरागाऊँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस गाऊँपालिका अर्न्तगत ८ वडा रहेको ४४ सभा सदस्य १७५.८८ वर्ग कि.मी. क्षेत्रफल, करिब २६ हजार जनसंख्या ५ नं.प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आय बिबरण | रकम | व्यय बिबरण | रकम |
|---|---|---|---|
| **गतबर्षको जिम्मेवारी** | ६३६३७८८.४० | **चालु खर्च** | २४७६४०८३२.१७ |
| (क) कोषखाताहरु रु.६३,६३,७८८।४० | | (क) वित्तीय समानीकरण अनुदान रु.२,९७,५५,६७२।१७ | ० |
| (ख) धरौटी खाता रु.० | | (ख) सशर्त अनुदान रु.२१,७८,८५,१६०।०० | ० |
| **आन्तरिक आय** | ३८३८१०५.०० | (ग) आन्तरिक स्रोत रु.० | ० |
| (क) आन्तरिक राजश्व रु.३,१९,३५५।०० | | **पूँजिगत खर्च** | १४६९५०६४१.८२ |
| (ख) राजश्व बाँडफाँड रु.३,१८,७५०।०० | | (क) वित्तीय समानीकरण अनुदान रु.१४,६३,०,६४१/- | ० |
| (ग) अन्य रु.० | | (ख) सशर्त अनुदान रु.६,००,०००।०० | ० |
| **वित्तीय हस्तान्तरण** | ३५२०८००००.०० | (ग) आन्तरिक स्रोत रु.० | ० |
| (क) वित्तीय समानीकरण अनुदान रु.१८,७१,३०,०००।०० | | **धरौटी फिर्ता** | ० |
| (ख) सशर्त अनुदान रु.१६,४९,५०,०००।०० | | **बाँकी मौज्दात** | ० |
| **सामाजिक सुरक्षा अनुदान** | ४८४५२७०५.०० | (क) कोषखाताहरु रु.१,९२,३५,७२४/४१ | १९२७५५०९.४१ |
| **जनसहभागिता (नगदै प्राप्त)** | २६८३००.०० | (ख) धरौटी खाता रु.३९,७८५।०० | ० |
| **अन्य विविध आय** | २८२४३००.०० | | ० |
| **धरौटी आय** | ३९७८५.०० | | ० |
| | **४१३८६६९८३.४०** | | **४१३८६६९८३.४** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा असुली:** लेखापरक्षणको क्रममा सामाजिक सुरक्षातर्फ रु.२,३७,६००/-, अबकाश प्राप्त शिक्षकको नाममा निकासा गएको रु.१,८२,९६९/९० र स्वास्थ्यतर्फ बिल भरपाईभन्दा बढी पेश्की फछ्र्यौट गरेको रु.२,२३,२००/- समेत रु.६,४३,७६९/९० असुल भई बिभिन्न मिति (२०७५।५।१२, १४, २० गते) मा बेरुजु खातामा दाखिला भएको छ । यसैगरी दाखिला गर्न बाँकी रु.१५२४२.०० र वडा नं.६ को रु.७४००.०० समेत रु.२२६४२.०० स्थानीय सञ्चित कोषमा दाखिला भएको छ । | |
| १. | **वित्तीय बिबरण:** प्राप्त एकीकृत आय व्यय बिबरण अनुसार रु.४१,३८,६६,९८३.४०आय व्यय कारोबार भएको देखिन्छ । एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलासा नगरेको, वित्तीय बिबरणको ढांचा स्वीकृत नभएको, घटी जिम्मेवारी सारेको, समानीकरण, सर्शत र बिषयगत एर्व कन्टिन्जेन्सी र मर्मत संभार कोषतर्फको बेग्लाबेग्लै लेखा स्रेस्ता नराखी चालु र पूजिंगतको मात्र स्रेस्ता राखेको, बैंक नगदी किताव अद्यावधिक र प्रमाणित नभएको, बजेट सिट नराखेको एवंदैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असूली एबं दाखिला म.ल.प.फा.नं २३ नराखेको लगायतको कारण प्राप्त एकीकृत आय व्यय बिबरणमा उल्लेख भएका आय व्यय रकम भिडान गर्ने प्रमाणित अभिलेख एवं खाता नरहेको कारण एकीकृत आय व्यय बिबरणको यथार्थतामा आश्वस्थता हुनसक्ने अबस्था देखिएन । | |
| २. | **जिम्मेवारी फरक परेको:** आय व्यय तयार गर्ने निकायले गत बर्षको अन्तमा कायम गरेको जिम्मेवारी यो बर्षको सुरुमा सार्नुपर्नेमा यस गाऊँपालिकाको २०७३।७४ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा रु.१,४९,९५,०००।०० मौज्दात बाँकी रहेको उल्लेख भएकोमा यो बर्षको आय व्यय बिबरणमा रु.६३,६३,७८८।४० मात्र जिम्मेवारी सारेको कारण रु.८६,३१,२११।४० मौज्दात घटन गएको देखिन्छ । यसरी मौज्दात घटी हुनाको कारण स्पष्ट गर्नुपर्दछ । छलफलको क्रममा पालिकाले गत बर्षको आलेप प्रतिवेदन र खाता अनुसार जिम्मेवारी रु.६३,६३,७८८।४० नै कायम रहेको जनाएको छ । | |
| ३. | **सञ्चित कोष:** स्थानीय सञ्चित कोषको स्थापना भएकोमा सोको बेग्लै आय व्यय बिबरण तयार नगरेको एवंबर्षान्तमा खर्च खातामा बाँकी रकम सञ्चित कोष दाखिला गरेको पाइएन । उल्लिखित स्थितिमा सुधार गर्नुपर्दछ । | |
| ४. | **वजेट पेश/पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था भएता पनि गाऊँपालिकाको २०७४।७५ को बजेट २०७४ श्रावण ३२ गते पारित भएको देखिन्छ । अत: ऐनमा भएको व्यबस्था अनुसारको समयसीमाभित्र बजेट तथा कार्यक्रम पारित गर्नु पर्दछ । | |
| ५. | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ ।ऐनमा भएको व्यबस्थाबमोजिम खर्चको अख्तियारी दिने गरेको पाइएन । कानूनी व्यबस्थाअनुसार अख्तियारी दिने व्यबस्था गर्नुपर्दछ । | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था रहेकोमा यस्तो नियन्त्रण प्रणाली तयार गरेको पाइएन । नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने कार्यमा बाधा परेको देखिन्छ । आन्तरिक नियन्त्रणमा रहेका केही कमी कमजोरी निम्नानुसार छन्:<br>● कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट नगरेको,<br>● परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण नगरेको,<br>● अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको<br>● योजना कार्यान्वयन तालिका निर्माण गरेको पाइएन,<br>● निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको,<br>● अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको पाइएन,<br>● करको दायरा पहिचान भएको देखिएन,<br>● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>● प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रिया भएको छैन । | |
| ७. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यबस्था रहेकोमा गाऊँपालिकाले २०७४।७५ को आय व्यय कारोबारको आन्तरिक लेखपारीक्षण गराएको पाइएन । आन्तरिक लेखापरीक्षणको अभावमा नियमितता र बित्तीय सुद्धता सम्बन्धमा पहिलो तहको सुनिश्चितको अभाव हुन गएकोले अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गराउने व्यबस्था मिलाउनु पर्दछ । | |
| ८. | **वजेट तथा कार्यक्रम प्राथमिकता:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यस गाऊँपालिकाले यो बर्ष करिब ६५० कार्यक्रम स्वीकृत गरी सञ्चालन गरेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । गाऊँपालिकाको बिकासको लागि कार्यक्रमको प्राथमिकीकरण नगरेको कारण उपलव्ध सिमित स्रोत साधन ससाना कार्यक्रममा खर्च भई नतिजा देखिने गरी उपलव्धि हासिल हुन नसक्ने भएकोले योजना एवं कार्यक्रमको प्राथमिकीकरण गरी उच्च प्राथमिकतामा परेको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | |
| ९. | **लक्ष्य प्रगति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाऊँपालिकाले यो बर्ष करिब ६५० साना ठूला कार्यक्रम सञ्चालन गरेकोमा यसरी सञ्चालित कार्यक्रमको नियममा उल्लेख भएअनुसार अनुसूची-२ को ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।अभिलेखको अभावमा लेखापरीक्षणको सिलसिलमा स्वीकृत कार्यक्रम मध्ये सञ्चालन नभएको वा सम्झौता भई कार्य नभएको कारण सून्य प्रगति भएको, आंशिक रुपमा २५, ५० र ७५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रमको बिबरण माग गरेकोमा उपलव्ध हुन सकेन । प्रगति प्रतिवेदनको अभावमा स्वीकृत कार्यक्रमको समग्र प्रगति स्थिति मूल्यांकन गर्न सकिएन । सञ्चालित कार्यक्रमको तोकिएको ढाँचा प्रगति प्रतिवेदन तयार गरी बार्षिक समिक्षा गर्ने व्यबस्था मिलाउनु पर्दछ । सर्शत र समानीकरण अनुदान अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलव्धिको बार्षिक प्रगति बिबरण तयार नगरेको कारण लक्ष्यबमोजिम कार्य भए नभएको बिश्लेषण गर्न सकिएन । तसर्थ ती कार्यक्रमको प्रगति बिबरण पेश गर्नुपर्दछ । | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

१०. **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाऊँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाऊँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाऊँपालिकाले थप पहल गर्न जरुरी छ ।

११. **चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको पूजिगत खर्चको स्थिति बिश्लेषण गर्दा कुल खर्चको देहायबमोजिम ८५.७० प्रतिशत तेस्रो चौमासिकमा र ५८.४३ प्रतिशत असार महिनामा खर्च भएको पाइन्छ ।

| ब.उ.शी.नं. | कुल खर्च | प्रथम चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| **पूजिगत खर्च** | १४३२१८१३३ | ६०२९४८३ | १४४५०७१० | १२२७३७९४० | ८३६८२३५५ |
| | खर्च प्रतिशत | ४.२१ | १०.०९ | ८५.७० | ५८.४३ |

कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको, सम्झौताबमोजिम समयमै कार्य नभएको कारणले तेस्रो चौमासिक र असार महिनामा अत्यधिक खर्च भएको देखिन्छ । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा कामको अनुगमन कार्यमा कठिनाई भई सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ । तसर्थ स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

१२. **दरबन्दी र पदपूर्तिः**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाऊँपालिकामा २५ र वडा कार्यालयमा प्रति वडा २ जनाको दरले १६ समेत ४१ दरबन्दी स्वीकृत गरेकोमा पदपूर्तिको अबस्था निम्नानुसार रहेको पाइयो ।

१२.१. कुल ३४ दरबन्दी मध्ये ११पदपूर्ति भएको र पदपूर्ति मध्ये २ जना गाऊँपालिकाले करारमा नियुक्ती गरेको देखिन्छ ।

१२.२. कार्यालय सहायक र कार्यालय सहयोगीको पद स्वीकृत दरबन्दीमा नरहेकोमा गाऊँपालिकाले क्रमशः ६ र १० जना कर्मचारी करारमा नियुक्ती गरेको देखिन्छ ।

१२.३. स्वास्थ्य, शिक्षा, कृषि र पशुतर्फ संयोजक र सह संयोजक समेत ४ जना कर्मचारी कार्यरत रहेकोमा ती पदहरु स्वीकृत दरबन्दी भित्र परेको देखिएन ।

स्वीकृत दरबन्दी बमोजिमको पदमा मात्र कर्मचारी नियुक्त गरी कार्य सञ्चालन गर्नु पर्दछ ।

१३. **स्रोत नक्सांकनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाऊँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाऊँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१४. **कर्मचारी कल्याण कोष**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्नेमा यस्तो कोषको स्थापना गरको पाइएन । कोषको अभावमा स्थानीय सेवाका कर्मचारी अवकास हुँदा उपदान लगायतका सुबिधा उपलव्ध गराउन रकमको अभाव हुने भएकोले यस्तो कोषको स्थापना गरी प्रत्येक बर्ष आबश्यक रकम जम्मा गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

१५. **अन्य कोषः** गाउँपालिकाको २०७४।७५ को बार्षिक नीति बजेट तथा कार्यक्रममा महिला तथा बालबालिका कोष, मर्मत तथा संभार कोष, उर्जा तथा बातावरण कोष, उर्जा तथा बातावरण कोष, दैविक प्रकोप तथा विपद् व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष र समपुरक कोष स्थापनाको लागि रु.८० लाख बजेट विनियोजन गरेकोमा यो बर्ष ती कोषहरु स्थापना भएको पाइएन । यस्ता विविध प्रकारका कोषको आबश्यकता रहे नरहेको यकिन गरी आबश्यक देखिएमा कोष सञ्चालन कार्यविधि बनाई यस्ता कोषको स्थापना गर्नु पर्दछ ।

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १६. | **तलवी प्रतिबेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा गाऊँपालिकातर्फका स्थायी कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १७. | **विद्युतीय लेखाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सबै स्थानीय तहले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा उक्त सफ्टवेयर प्रयोगमा ल्याएको देखिएन । सफ्टवेयर प्रयोग नभएको कारण आम्दानी र खर्चको सही लेखांकन र प्रस्तुतीकरण सम्बन्धमा सुनिश्चित हुनसक्ने स्थिति देखिएन । तसर्थ अनिवार्य रुपमा उक्त सफ्टवेयर प्रयोगमा ल्याउनु पर्दछ । | |
| १८. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । छलफलको क्रममा कार्यालयले २०७४।११।९ मा सार्वजनिक सुनुवाई भएको व्यहोरा जनाएको छ । | |
| १९. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । गाऊँपालिकाले सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा २.५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गरी उक्त कार्यको भुक्तानी गर्दा कन्टिन्जेन्सी बापतको रकम खर्च लेखी बेग्लै खाता (लेजर) मा जनाई सो बाट बेग्लै खर्च गर्ने गरेको पाइयो । कार्यालयको अभिलेख ( लेजर) अनुसार यो बर्ष कन्टिन्जेन्सीबाट रु.२०,५६,९६९।०० जम्मा भएकोमा सो रकमबाट इन्धन, दैनिक भ्रमण भत्ता, डीपीआर बनाउने, प्राविधिक सर्भे सामग्री खरिद लगायत अन्य कार्यमा सम्पूर्ण रकम खर्च गरेको पाइयो । यस्तो खर्चलाई व्यबस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यबिधि बनाउने, यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| २०. | **मर्मत संभार कोषः** कार्यलयले स्थापना गरेको कोषको खर्च गर्ने कार्यविधि तयार गर्नुपर्दछ । गाऊँपालिकाले सबै निर्माण कार्यको भुक्तानीमा २.५ प्रतिशत मर्मत संभार कोष कट्टा गर्ने गरेको पाइयो । मर्मत संभार कोषमा रु.२०,५६,९६९।०० कट्टा भएकोमा खर्च भएको देखिन्छ । कोषको खर्चलाई व्यबस्थित बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्नुपर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| २१. | **उपभोक्ता समिति दर्ता नभएकोः**संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संभ्फौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| २२. | **उपभोक्ता समिति मार्फत कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यबिधि उल्लेख छ । नियमावलीमा भएको व्यबस्थाको पालना सम्बन्धमा निम्नानुसार देखिएको छः | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

२२.१. नियमावलीको नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भएबमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

२२.२. नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन ।

२२.३. नियमावलीकोबमोजिम उपभोक्ता समितिलाई उपलब्ध गराएको पेश्की समयमै फछ्यौट गर्नु पर्दछ ।

२२.४. उपभोक्ता संगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईए। साथै काम भएको प्रमाणित गर्ने कुनै तस्विर समेत संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ ।

२२.५. नियमावलीको नियम ९७(९) बमोजिम उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न नसकिने उल्लेख भएकोमा उपभोक्ता समितिले गरेको निर्माण कार्यमा हेभि मेसिनको प्रयोग भएको केही उदाहरण देहायबमोजिम रहेको छ ।

| योजनाको नाम | सम्झौता रकम | मुल्यांकन रकम | डोजर भाडा |
|---|---|---|---|
| धाजाबान्ने डिग सोमादी मोटर बाटो उ.स. | १२९८५५.०० | १२९८५५.०० | १३८८२०.०० |
| हात्तीगौडा मौलाडाडा घुसुरेढुंगा मोटर बाटो | २८१५००१/९२ | २७४२६८२.०० | १६९००२९.०० |
| भन्ज्याङ धरेनी हुटुङ मोटर बाटो | ८०१२८.२१ | ७६८२४.५६ | ७६२९२.०० |
| फोक्केआँप अर्दाई मोटर बाटो | ९१२३३.०० | ९१३७२.०० | ६८७००.०० |
| सल्लेधारा पराजुलीटोल मोटर बाटो | ५८८२२.०० | ५६९२४.०० | ४९८३३.०० |
| दागिल गडौलेपानी मोटर बाटो | ६२८०४.०० | ५७५५८.०० | ५७५१७.०० |
| गहते पिपलडाँडा मोटर बाटो | ६४८५२.०० | ४२९३५.०० | ४२९९६.०० |
| काफलबुटा अमिले बेतेनी जुठापौवा मोटरबाटो | १३३८६७६.०० | १३३३३६२.०० | ७२२८२७.०० |
| बोखरे काउले खल्लुक गैरा मोटरबाटो | ५०१०७७.०० | ५०९०७८.०० | ४९७९९१.०० |
| केवरछेडा बुढिदमार मोटरबाटो | ५०३७४६.०० | ५०४३८३.०० | ३०२८४०.०० |
| बोओरेपोखरी चिदिपानी लौधधापानी ईगोरिया | ८०३०२७.०० | ७९३८७१.०० | ५०५२००.०० |
| गौरेपोखरी पिपलडाँडा मोटरबाटो | ११४०५६.०० | १०९४१८.०० | ९६८००.०० |

कानूनमा भएको व्यबस्था बमोजिम उपभोक्ता समितिबाट कार्य गराउनु पर्ने देखिन्छ ।

२२.६. उपभोक्ता समितिबाट गरेको कार्यमा कुनै त्रुटी आई सच्याउन परेमा वा बढी भुक्तानी भई असुल गर्नुपर्ने अबस्थामा कार्यालयले आबश्यक सुधार गर्न लगाउने कुनै आधार नभएको कारण त्रुटी सच्याउने अवधिसम्मको लागि भुक्तानी रकमको ५ प्रतिशत धरौटी कट्टा गर्ने व्यबस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर लगायतका मेशीन प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।

२३. **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता समिति वा लाभग्राहीलाई निर्माण काम दाँदा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । गाउँपालिकाले सम्पूर्ण निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत भुक्तानी गरेको जनसहभागिता सम्बन्धमा एकरुपता कायम गरेको देखिएन । जनसहभागिता सम्बन्धमा देखिएका केही उदाहरण निम्नानुसार रहेको पाइयो ।

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| निर्माण कार्यको बिबरण | मूल्यांकन रकम | भुक्तानी रकम | जनसहभागिता रकम |
|---|---|---|---|
| भालुखान मुभ्कुगं आर सि सि मोटर बाटो | ४३८६६१५.११ | ४३८६०००.०० | ०.०० |
| सोमादी कोकलधरा सिस्ने असौंदी मोटर बाटो | ८९३९२८.६३ | ८०००००.०० | ९३९२८.६३ |
| दौंदारे रेगामीडाँडामा लिफ्ट प्रणालीको खानेपानी आयोजना | १६८२५००.२९ | १५३००००.०० | १५४५००.२९ |

गाउँपालिकाले जनसहभागिता सम्बन्धमा योजना अनुसार कुनैमा जनसहभागित आबश्यक नपर्ने कुनैमा ५ प्रतिशत, कुनैमा १० र कुनैमा १५ प्रतिशत हुने गरी निर्णय गरेको पाइयो । उपभोक्ताबाट कार्य गराउँदा अनिवार्य रुपमा जनसहभागिता हुनुपर्ने व्यबस्था गर्नुपर्ने र जनसहभागिता लिन नसकिने योजना निर्माण व्यबसायीबाट गराउने व्यबस्था गर्नु पर्दछ ।

२३.१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(२) बमोजिम सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम खुलाउनु पर्ने व्यवस्था छ । गाउँकार्यपालिकाको २०७४।४।२९ को निर्णयको बुदा नं. १८, खानेपानी टंकी निर्माणमा १५ प्रतिशत, टोलबस्तीका बाटो निर्माणमा ५ प्रतिशत र अन्य कार्यमा उपभोक्ताको योगदान खुलाएको छैन । उपभोक्ता समितिबाट सम्पन्न गरिने कार्यमा समितिको योगदान नै नरहने गरी निर्माण कार्य गराउदा काममा मितव्ययिता र समुदायको अपनत्व समेत नहुने हुदा योगदानको अंश निर्धारण गरी काम गराउनेतर्फ व्यवस्थापनको ध्यान जानु पर्दछ ।

२४. **व्यबस्थापन खर्चः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) बमोजिम निर्माण कार्यमा लागत अनुमान अनुसुची-१ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने व्यवस्था भएको र अनुसुची-१ बमोजिम जिल्ला दररेट र नर्म्सका आधारमा लागत अनुमान तयार गर्नु पर्ने जसमा वर्कचार्ट, स्टाफ खर्च २.५ प्रतिशत, सानातिना खर्चको लागि २.५ प्रतिशत र बोलपत्रदाताको ओभरहेड १५ प्रतिशत मात्र थप गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ भने उपभोक्ता समिति मार्फत काम गराउनेमा ओभरहेड वापत लागत जोड्न नपाइने र ओभरहेड वापतको रकम कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले २०७४।७५ मा साना ठूला करिब ६५० योजना स्वीकृत गरी सम्पूर्ण कार्य उपभोक्ता समिति मार्फत गराएको पाइयो । उपभोक्ता समितिबाट कार्य गराउँदा ओभरहेट दिन नपाईने कानूनी व्यबस्था बिपरीत व्यवस्थापन खर्च (Management cost) भनी प्रति योजना रु.५००.०० देखि ३००००.०० सम्म लागत अनुमानमै व्यवस्था उपभोक्ता समितिहरुलाई ओभरहेड खर्च उपलव्ध गराएको पाइयो । लेखापरीक्षणको क्रममा देहायका २४९ योजनामा मात्र रु.६,०७,१२५।०० यस्तो खर्च भुक्तानी भएको देखियो ।

| वडा नं. | नमुना छनौटका आधारमा छानिएका योजना संख्या | रकम (रु.) |
|---|---|---|
| १ | ३८ | ४५१५०.०० |
| २ | २४ | ५६९५०.०० |
| ३ | २४ | ११०००.०० |
| ४ | ३७ | ५९९००.०० |
| ५ | २० | ३५०००.०० |
| ६ | २६ | ६६०५०.०० |
| ७ | ११ | ८५०००.०० |
| ८ | ३४ | ६५९००.०० |
| गाउँपालिका | ३५ | १८२१७५.०० |
| | **जम्मा** | **६०७१२५.००** |

यस बर्ष कार्यान्वयनमा रहेका सम्पूर्ण योजनाको बिस्तृत परीक्षण गरी भुक्तानी भएको ओभरहेड खर्च उल्लेख गर्न नसकिने भएकोले उल्लिखि २४९ योजनामा भुक्तानी भएको ओभरहेड खर्चको आधारमा यो बर्ष कार्यान्वयनमा गएका करिब ६५० योजनामा करिब रु.१५,८४,८६४।०० ओभरहेड खर्च भुक्तानी भएको हुनसक्ने देखिएकोले यस सम्बन्धमा छानविन गरी सम्पूर्ण उपभोक्ता समितिहरुलाई भुक्तानी भएको व्यबस्थापन (ओभरहेड) खर्च असुल गर्नुपर्ने रु. १५,८४,८६४/-

यस प्रकार कानूनी व्यबस्था विपरीत निर्णय गरी रकम उपलव्ध गराउन नमिल्ने भएकोले उल्लिखित रकम असुल गरी चालु बर्षदेखि यस्तो खर्च प्रदान गर्ने कार्य बन्द गर्नुपर्दछ ।

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २५. | **दोंदारे खानेपानी आयोजना:** गाऊँपालिका अन्तर्गत वडा नं.१ मा दौंदारे रेगामीडाँडामा लिफ्ट प्रणालीको खानेपानी आयोजना निर्माण गर्न डि.पि.आर.तयार गरी रु.१ करोड १६ लाख २९ हजारको लागत अनुमान तयार गरी यो बर्ष उपभोक्ता समितिबाट कार्य गराई १ फेरोसिमेन्ट टेंक र पाइप तथा फिटिङ्ग खरिद गरेको बिल भरपाईको आधारमा गोभौनं.४१४।२०७५।३।३२ बाट रु.१५,३०,०००।०० खर्च भएको पाइयो । खर्च मध्ये रु.१४,१९,९६५।०० को पाइप तथा फिटिङ्ग खरिद गरेकोमा ती सामान हाल प्रयोगमा नआएको र कार्यालयको जिन्सी खातामा समेत आम्दानी नगरी उपभोक्ता समितिकै जिम्मा रहेको पाइएकोले सोको संरक्षणको उचित व्यबस्था मिलाउँदै आयोजना समयमै सम्पन्न गर्नुपर्दछ । | |
| २६. | **भट्टेडाँडा लिफ्ट खानेपानी आयोजना:** गाऊँपालिका अन्तर्गत वडा नं.७ मा भट्टेडाँडा लिफ्ट प्रणालीको खानेपानी आयोजना निर्माण गर्न डि.पि.आर.तयार गरी रु.२ करोड ३ लाख ३६ हजारको लागत अनुमान तयार गरी यो बर्ष उपभोक्ता समितिबाट पाइप तथा फिटिङ्ग खरिद गरेको बिल भरपाईको आधारमा गोभौनं.३९२।२०७५।३।२९ बाट रु.२७,२०,३२०।०० खर्च भएको पाइयो । खर्च मध्ये रु.१७,२३,८९५।०० को पाइप तथा फिटिङ्ग खरिद गरेकोमा ती सामान हाल प्रयोगमा नआएको र कार्यालयको जिन्सी खातामा समेत आम्दानी नगरी उपभोक्ता समितिकै जिम्मा रहेको पाइएकोले सोको संरक्षणको उचित व्यबस्था मिलाउँदै आयोजना समयमै सम्पन्न गर्नुपर्दछ । | |
| २७. | **चोरबाटो लिफ्ट खानेपानी आयोजना:** गाऊँपालिका अन्तर्गत वडा नं.८ मा राजापानी लिफ्ट प्रणालीको खानेपानी आयोजना निर्माण गर्न डि.पि.आर.तयार गरी रु.१ करोड ३ लाख ५५ हजारको लागत अनुमान तयार गरी यो बर्ष उपभोक्ता समितिबाट पाइप तथा फिटिङ्ग खरिद गरेको बिल भरपाईको आधारमा गोभौनं.४२६।२०७५।३।३२ बाट रु.२३,७३,०००।०० खर्च भएको पाइयो । खर्च मध्ये रु.८,५९,९४२।०० को पाइप तथा फिटिङ्ग खरिद गरेकोमा ती सामान हाल प्रयोगमा नआएको र कार्यालयको जिन्सी खातामा समेत आम्दानी नगरी उपभोक्ता समितिकै जिम्मा रहेको पाइएकोले सोको संरक्षणको उचित व्यबस्था मिलाउँदै आयोजना समयमै सम्पन्न गर्नुपर्दछ । | |
| २८. | **उपभोक्ता समिति मार्फत जस्तापात र पाईप खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख भएकोमा यस गाऊँपालिकाले रु.३२,१२,९६४।०० मूल्यको २६ गेजको ०.३५ एम.एम.को ४१२ वण्डल जस्तापाता खरिद कार्य रु.२९ लाख पेश्की प्रदान गरी उपभोक्ता समिति मार्फत गराई (उपभोक्ता समितिले अर्याल हार्डवेयर सेन्टर, तानसेनबाट खरिद गरेको बिल संलग्न गरेको) भुक्तानी गरेको प्रचलित कानूनी व्यबस्था विपरीत देखिएको एवं यसबाट खरिद कार्यमा प्रतिस्पर्धा समेत सिमित हुन पुगेको रु.<br>यसरी खरिद भएका जस्तापाता बितरणको लागि वडा अध्यक्षहरुलाई भरपाई गराई बुझाएकोमा उक्त जस्तापाता सम्बन्धित व्यक्तिहरुलाई बुझाएको भरपाई समेत नभएकोले उक्त जस्तापाता बितरण गरी सम्बन्धित व्यक्तिहरुले प्रयोग गरेको प्रमाण समेत संलकन गर्नुपर्ने देखिन्छ । | ३२,१२,९६४/- |
| २८.१. | उपभोक्ता समितिलाई रु.५ लाख पेश्की प्रदान गरी साकुरा पाईप उद्योग प्रा.ली., बुटवलबाट रु.१७,६६,५७६।२४ मूल्यको २० र ३२ एम.एम.को ३० हजार २०० मीटर एच.डी.ई.पी.पाईप खरिद गरी बिभिन्न ९७ जना व्यक्तिलाई ४० देखि १००० मीटर पाईप बितरण गरेको भरपाई समेत संलग्न गरी कार्यालयबाट कन्टिन्जेन्सी र मर्मत संभार कोष वापत रु.८०,०००।०० कट्टा  गरी रु.१५,८०,०००।०० र बाँकी रकम उपभोक्ता समितिबाट व्यहोरेको देखिन्छ । नियमावलीको उल्लिखित व्यबस्था अनुसार खरिद कार्य उपभोक्ता समितिबाट गराउन नमिल्ने देखिएको नियमालीको प्रावधान बिपरीत खरिद कार्य गरेको रु.<br>छलफलको क्रममा गाऊँ कार्यापालिकाको निर्णयबमोजिम कार्य गरेको व्यहोरा जनाएको भएतापनि उक्त निकायले नियमावलीको व्यबस्था बिपरीत कार्य गर्नेगरी निर्णय गर्न मिल्ने देखिएन । | १६,००,०००/- |
| २९. | **मुअकर बिबरण नबुझाएको(Nonfiler):** मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची–५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ ।मुअकर बिजक जारी गरी संकलन गरेको मुअकर बिबरण नियमित रुपमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेमा यस कार्यालयबाट मुअकर भुक्तानी भएको देहायका निर्माण व्यबसायीहरुको प्यान सर्च गर्दा बिभिन्न समयदेखि nonfiler (मुअकर बिबरण नबुझाएको) देखिएकोले कार्यालयले भुक्तानी गरेको देहायबमोजिमको मुअकर, सोको व्याज र शुल्क समेतको हुने रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्ने रु. | २,१२,२०२/६६ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| क्र.सं. | बउशीनं./गो भौनं. / मिति | विजकदाताको नाम | मुअकर दर्ता नम्बर | बिजक नं./मिति | भुक्तानी भएको मुअकर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | ३१६/२०७५/३/३ | नवसम्वाद साप्ताहिक | ३०३८००३३० | ५४।२०७५।२।२९ | ५५१२०.०० | २०७५ चैत्र महिना देखि मुअकर बिबरण नबुझाएको |
| | ४२०/२०७५/३/२६ | नवसम्वाद साप्ताहिक | ३०३८००३३० | बिजक नं.६३ को मिति नभएको बिल | १९५०.०० | २०७५ चैत्र महिना देखि मुअकर बिबरण नबुझाएको |
| | ३६२/२०७५/३/२४ | न्यू गैरे कम्प्युटर सर्भिस | | ६६/२०७५/३/१८ | ८०५३.०० | २०७५ असार महिना देखि मुअकर बिबरण नबुझाएको |
| | ३७७/२०७५/३/२७ | जयश्री कालीक ट्रेडिङ | ६०१२९४८१३ | ४०३/२०७५/३/१४ | ४६०३.०० | २०७५ असार महिना देखि मुअकर बिबरण नबुझाएको |
| | ३५२/२०७५/३/२१ | अधिकारी निर्माण सेवा | ६०४०९३२२९ | १२१/२०७५/३/१९ | १३५२०.०० | २०७५ असार महिना देखि मुअकर बिबरण नबुझाएको |
| | ३४२/२०७५/३/२४ | अधिकारी निर्माण सेवा | ६०४०९३२२९ | १२९/२०७५/३/२१ | ४४९९०.०० | २०७५ असार महिना देखि मुअकर बिबरण नबुझाएको |
| | ३६९/२०७५/३/२६ | अधिकारी निर्माण सेवा | ६०४०९३२२९ | १४४/२०७५/३/२५ | ५५५५१.०० | २०७५ असार महिना देखि मुअकर बिबरण नबुझाएको |
| | ४११/२७५/३/३१ | सृस्टी नमुना रोडा उद्योग | ६००४५३८८२ | २२४९,२२५१,२२६२, २२६०, २२५८, २२६१, २२५९, २३४२, २२७२, २२७३, २२७५, २२७४, २२७६, २३७१, २२१९, २२१४, २२१५, २२१८, २२००, २२०१, २२०२, २२०३, २२६६, २२५३, २२५२, २२५० | २८४१५.६६ | २०७५ असार महिना देखि मुअकर बिबरण नबुझाएको |
| | | जम्मा | | | २१२२०२.६६ | |

३०. **मुल्य अभिबृद्धी कर दर्ता नभएका फर्मसँग खरिद**: मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ५६ बमोजिम नेपाल सरकार संबैधानिक निकाय वा प्रदेश सरकार वा प्रदेश अन्तर्गतको कुनै सरकारी निकाय वा संगठित संस्था वा स्थानीय तहले नेपाल भित्र एक पटकमा बीस हजार रुपैयाँ भन्दा बढीको कर लाग्ने बस्तु वा सेवाको खरिद गर्दा दर्ता भएको फर्मबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । गाऊँपालिकाले एक पटकमा बीस हजार रुपैयाा भन्दा कम रकमको सामानहरु खरिद गरेको भएता पनि पटक पटक गरी रु. २०,०००।०० भन्दा कम मुल्यको सामान खरिद गरेको देखियो । मु.अ.कर दर्ता नभएका फर्म वा संस्थासँग खरिद गर्दा मुल्य अभिबृद्धी कर र अग्रिम कर सहित असुल नहुने र प्रचलित ऐन, नियमको पालना नहुने, फर्महरुलाई करदता गर्न बाध्य नहुने आदी कारणले गर्दा नियमावलीको भावना बमोजिम कर दर्ता भएका फर्मसँग मात्र बस्तु तथा सेवा खरिद गर्ने तर्फ व्यवस्थापनको ध्यान जानु पर्दछ । बर्ष भरी नै प्राय मसलन्द तथा अन्य सामाग्रीहरु खरिद गर्दा दर्ता भएका फर्म वा संस्थाबाट खरिद गरी नियमावलीको पालना गर्नु पर्दछ । यसका केही उदाहरणहरु यस प्रकार छन्

| भौ.नं./मिति | फर्मको नाम | सामानको विवरण | बिलको मिति | रकम (रु.) |
|---|---|---|---|---|
| ४१६/२०७४/३/३२ | तुलसा वस्त्रालय एवं जनरल स्टोर्स | न्यानो कपडा | विभिन्न मितिको ३ थान विल | ४००००.०० |

३१. **प्रमाण बेगर खर्च**: अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्नेछ । गाउँपालीकाले बिभिन्न फर्म, व्यक्ति तथा संस्थालाई बिभिन्न मितिमा भुक्तानी गर्दा केहीमा जोडजम्मा कम रहेको, केहीमा रकम बुझेको भरपाई नरहेको र केहीमा खर्च पुष्टि गर्ने कागज प्रमाण संलग्न नरहकोले निम्नानुसारका खर्चहरु पुष्टी गर्ने आधार प्रमाण संलग्न नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु. १,८०,०८७/५०

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| गो.भौ.नं./मिति | संक्षिप्त विवरण | रकम (रु.) |
|---|---|---|
| ३७२/२०७५/३/५ | वार्ड नं.६ अन्तर्गत कालीका आधाभुत बिद्यालयमा हाजिरी जवाफ, बक्तृत्वकला,नेपाली भाषा शिक्षण कक्षा संचालन गरेको जनाई बोम ब.रास्कोटी, अन्जु पौडेल र लक्ष्मी पुनले जनही रु.५५००.०० दरले हाजिरी जवाफ प्रतियोगिता र भाषा कक्षा संचालन गरेको प्रस्तुती पत्र तथा प्रमाण बेगर भत्ता लिएको | १६५००.०० |
| ३७२/२०७५/३/५ | वार्ड नं.६ अन्तर्गत १११ जना बिद्यार्थिलाई प्रति बिद्यार्थि रु.४००.०० का दरले छात्रबृत्ती बाड्ने कार्यक्रममा खाजा वापत शर्मिला स्टोरले रु.३२६००.०० बुझिलिएको भरपाई पेश भएकोमा उपस्थिति भन्दा बढी खाजा खर्च लेखेको | १५९५०.०० |
| ३४७/२०७५/३/२१ | दलित समन्वय समितिका अध्यक्ष बल ब. सुनारले १०५० आँप र १०५० लिचीका बिरुवा सम्बन्धित पक्षले बुझिलिएको भरपाई बेगर खर्च लेखेको | १०२६३७.५० |
| | दलित समन्वय समितिले आयोजना गरेकोक्षमता बिकास कार्यक्रममा १ जना प्रशिक्षकलाई रु. ५०००.०० र ५ जना जन प्रतिनिधीलाई जनही रु.१०००.०० कार दरले भुक्तानी दिएकोमा सो आधार र प्रमाण भौचरसाथ नरहेको | १००००.०० |
| | दलित समन्वय समितिका क्षमता बिकास कार्यक्रममा आधार बेगर प्रति सहभागी रु.१०००.०० का दरले भुक्तानी दिएको | ३५०००.०० |
| **जम्मा** | | **१८००८७.५०** |

३२. **जिन्सी दाखिला नभएको**: आर्थिक कार्यबिधि नियमावली २०६४को नियम ४७ (१) बमोजिम कार्यालय प्रमुखले खरिद गरी प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेमा देहायको सामान जिन्सी दाखिला गरेको प्रमाण संलग्न नगरी भुक्तानी दिएकोले सामान प्राप्त भए नभएको यकिन हुन नसको रु. १,५०,८०२/-

| गो.भौ.नं./मिति | संक्षिप्त विवरण | रकम (रु.) |
|---|---|---|
| ३३३/२०७५/३/९ | कार्यालयले खरिद गरेको स्टील दराज १ थान, कुर्ची १५ थान, बिभिन्न स्टेसनरी ४ आइटम, टेवल १ र कार्यालय छाप १ थान खरिद गरेकामा भण्डार दाखिला तथा सम्बन्धितलाई हस्तान्तरण गरेको प्रमाण नभएको | ५०८०२.०० |
| ७५/२०७५/३/१८ | डेस्कबेन्च-३० सेट, अफिस कुर्ची-२(मनकामना प्रा.बि.लाई) | १०००००.०० |
| **जम्मा** | | **१५०८०२.००** |

३३. **पुजिँगत बजेट अन्य शिर्षकमा खर्च**: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ (२) बमोजिम गाउँपालीकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको बर्गिकरण तथा खर्च शिर्ष्कक अवलम्बन गर्नु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (१) बमोजिम कार्यालय प्रमुखले निकासा लिई बजेटका सिमा भित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाँउकार्यपालिका बैठकको निर्णयबाट प्रत्येक वडालाई कार्यालय व्यवस्थापन गर्न पुजीगत शिर्षकबाट रु. २०००००.०० का दरले बजेट बिनियोजन गरिएकोमा उक्त बजेट पुजिगत प्रकृतीका फर्निचर, मेसिनरी खरिद गरी कार्यालय व्यवस्थित गर्नुको साटो दैनिक भैपरी आउने खर्च खाजा, खाना, इन्धन, स्टेसनरी जस्ता चालु प्रकृतीका खर्च व्यहोरेको पाइयो । यसरी पूजीगत शिर्षकमा बिनियोजित बजेट चालु प्रकृतीका शिर्षकमा खर्च गरेको अनियमित देखिएको रु. ११,५९,५६०/-

| वडा नं. | खर्च शिर्षकहरु | | | | | | | | चालु खर्च (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | खाजा खाना | स्टोसनरी / अन्य सामाग्री | फर्निचर | कम्प्युटर/ प्रिन्टर | इन्धन | मर्मत सम्भार | अन्य बिबिध खर्च | चालुखर्च (%) | |
| १ | ५४९५० | ५८३९३ | १८३०० | २२४४५ | ० | ० | ४५९१२ | ७९.६२ | १५९२४० |
| २ | ३८५१६ | ७२८८२ | ७३९० | ० | ० | १२००० | ६९२१२ | ९६ | १९२००० |
| ३ | २६६१४ | ४६४६ | ० | १३८००० | ० | ० | ३०७४० | ३१ | ६२००० |
| ४ | ५९६२० | ३८२३० | ० | ७३३६५ | ० | ० | २६४९० | ६३.३१ | १२६६२० |
| ५ | ३५४६० | ६२००२ | ६१०६५ | ० | ० | ० | ४१४७३ | ६९.४६ | १३८९२० |
| ६ | ५८७८६ | ६२५८३ | ० | ४९७२० | १२९९० | ० | १५९२१ | ७५.१४ | १५०२८० |
| ७ | ५८५३८ | ४६९४५ | ० | ६९४९५ | १८१२५ | ० | ६८९७ | ६५.२५ | १३०५०० |
| ८ | ४७७०० | ६५३४० | ० | ० | ८५०० | ३४८०० | ४३६०० | १०० | २००००० |
| | | | | | | | | **जम्मा** | **११५९५६०.००** |

छलफलको क्रममा गाऊँ कार्यपालिकाको निर्णय अनुसार वडा कार्यालय सञ्चालनको लागि उक्त रकम प्रदान गरेको व्यहोरा जनाएतापनि पूजिंगत बजेटबाट प्रशासनिक खर्च गर्नेगरी निर्णय गरेको उपयुक्त देखिएन ।

३४. **सवारी साधन भाडा**: कार्यालयले मासिक एवं पटके सवारी साधन भाडामा लिई खर्च गरेकोमा निम्नानुसार देखिएको छ:

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३४.१. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८२ (१) बमोजिम सार्जनिक निकायले बिस लाख सम्म लागत अनुमान भएको जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी बोलपत्र अह्वान गरी खदि गर्न सक्ने व्यवस्था छ । गाउँपालिका कार्यालय र रैनादेबी छहरा-२ बस्ने गाडीधनी माधव पौडेलबिच लु.१ च. ७७७५ को गाडी इन्धन बाहेक मासिक रु.९०००० .०० भाडा कायम गरी सम्झौता भएकोमा एक पटकमा रु.१०००.०० मर्मत खर्च समेत दिने गरी २०७४ श्रावण देखि २०७५ बैसाख १५ सम्म पटक पटक सम्झौता नबिकरण गराई भाडामा लिएको छ । जसबाट मर्मत र इन्धन बाहेक रु.८५५०००.०० भाडा भुक्तानी भएको छ । लागत अनुमान तयार नगरी हचुवाको भरमा गाडी भाडामा लिएको इन्धन कार्यालयले नै उपलब्ध गराउनु पर्ने शर्त रहेको र एक पटकमा रु.१०००.०० सम्म मर्मत खर्च दिने शर्तले गर्दा व्यावसायीलाई नै फाइदा पुग्ने गरी सम्झौता भएको देखिन्छ । बैसाख १ देखि १५ गते सम्म मात्र रु.६२,९७८.०० इन्धन खर्च गाडीधनीको निबेदन र बिल बमोजिम भुक्तानी भएको देखिन्छ । छलफलको क्रममा दरभाऊ पत्रको आधारमा भाडामा लिएको र हाल हटाएको व्यहोरा जनाएको छ । | |
| ३४.२. | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ (६) बमोजिम प्रमुख प्रसाशकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतलाई ध्यान दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले बिभिन्न योजनाहरु अनुगमन गर्न सामान ओसार पसार गर्न पदाधिकारीहरु र कर्मचारीहरुलाई ओसार पसार गर्न बिभिन्न मितिमा गाडी भाडामा लिई प्रतिदिन रु.४५००.०० देखि रु. ८०००.०० सम्म भडा भुक्तानी गरेको छ । एउटा गाडी मासिक भाडामा लिदा लिदै अन्य गाडीहरु भाडामा लिने गरेको, २०७४ चैत्रमा नयाँ गाडी खरिद भए पश्चात समेत गाडी मासिक भाडा र अन्य गाडी पटक पटक भाडामा लिई अत्याधिक गाडी भाडा खर्च भएको छ । साथै एक दिनको भाडा पनि बिभिन्नता भएको देखिन्छ । कार्यालयले गाडी खरिद गरे पश्चात समेत भाडामा लिने अवस्थामा कमी नआएको हुदा यस्तो खर्चमा कटौती गर्ने र ऐनको परिपालना गर्न तर्फ व्यवस्थापनको ध्यान जानु पर्ने देखिन्छ । | |
| ३५. | **थप दस्तुर:** कार्यालयले नेपाल बिद्युत प्राधिकरणको बिनियम बमोजिम तोकिएको समयमा बिद्युत महशुल भुक्तानी छुट लिनु पर्नेमा २०७४ साल पौष, माघ, फाल्गुण महिनाको बिद्युत महशुल भूक्तानी गर्दा ढिला भूक्तानी गरी रु. ३७४०.०० थप दस्तुर समेत रु.४००००.०० गोभौनं.१६८।२०७४।११।२० बाट भुक्तानी गरेकोको देखिन्छ । छलफलको क्रममा उक्त अबधिको बिल कार्यालयमा प्राप्त नभएकोले समयमै बिद्युत महशुल तिर्न नसकेको व्यहोरा जनाएको छ । | |
| ३६. | **बिद्युतीय हाजिरी मेसिन:** कार्यालयले इलेक्ट्रोनिक्स इक्युपमेण्ट, बुटवलबाट, १५ थान बिद्युतीय हाजिर मेसिन खरिद गरेको बिलको आधारमा गोभौनं.२५१।२०७५।१।२५ बाट रु.३,८५,५००.०० (मु.अ.कर सहित) भुक्तानी गरेकोमा उक्त खर्च पदाधिकारी क्षमता बिकास कार्यक्रमको रकमबाट खर्च भएकोले कार्यक्रम बिपरीत खर्च भएको खरिद आदेश, दाखिला प्रतिबेदन, जिन्सी खातामा दाखिला गरेको प्रामाण, सम्बन्धित फर्मसँग वारेण्टी सम्बन्धी सम्झौता पत्र र कुन कुन ठाउमा उक्त मेसिन जडान भयो सोको विवरण जस्ता आधारभूत कागजात बेगरको उक्त खर्चलाई नियम सम्मत मान्ने आधार नरहेको रु.. | ३,८५,५००/- |
| ३७. | **अत्याधिक बैठक भत्ता:** नेपाल सरकार अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाबाट प्रकाशित कार्यसंचालन निर्देशिका २०७३ को पच्छिेद ७ खर्चको मापदण्ड सम्बन्धि निर्णय तथा कार्यबिधिको बुदा नं.७.१.१ बमोजिम बैठक भत्ताको मापदण्ड तोकेको छ । उक्त व्यवस्था बमोजिम बैठक भत्ता भुक्तानी लिनको लागि स्पष्ट बिषयबस्तु र कार्य योजना हुनु पर्ने, बैठक कार्यालय समय बाहिर बस्नुपर्ने, एउटै निकाय र अन्तरगतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नहुने, कानुन अनुसार गठन भएको समितिले मात्र बैठक भत्ता पाउने र आमन्त्रीतलाई बैठक भत्ता दिन नमिल्ने, बिशेषज्ञ सेवा लिनुपर्ने भएमा मात्र ३ जना आमन्त्रीतलाई बैठक भत्ता दिन मिल्ने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः | |
| ३७.१. | उक्त निर्देशिकाको व्यवस्था बिपरीत यस गाउँपालिकाले सवारी साधन लगायतको बोलपत्र मूल्यांकन लगायतको कार्यमा बैठक भत्ता खर्च लेखेको निम्नानुसारको रकम असुल गर्नुपर्ने रु. | ९६,०००/- |

| गो.भौ./मिति | बैठकको बिषय | बैठक संख्या | उपस्थिती | रकम (रु.) |
|---|---|---|---|---|
| २५६/२०७५/१/२५ | चारपांग्रे सवारी साधन खरिद | ४ | ११ जना | ४३०००.०० |
| ३१०/२०७५/२/३० | गाउँपालिका कार्यालयको डि.पि.आर. सम्बन्धि प्राबिधिक तथा आर्थिक मुल्यांकन बैठक | ४ | ७ | २८०००.० |
| १३५/२०७४/१२/९ | मोटरसाइकल खरिदको बैठक भत्ता | ४ | ८ | २५०००.०० |
| | **जम्मा** | | | **९६०००.००** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

३७.२. यसैगरी योजना अनुगमन भनी प्रत्येक योजनाको एउटा अनुगमन बैठक बसी बैठक भत्ता लिएको छ। त्यस्तै प्रत्येक वडाहरुलाई वडास्तरीय अनुगमन गरेको भनी रु.५८,०००.०० बैठक भत्ता दिने निर्णय गरे बमोजिम बैठक भत्ता लिएको छ। योजना अनुगमन गर्दा गाडी भाडा, इन्धन खर्चको अलावा बैठक भत्ता समेत खर्च भएको छ। एकै दिन बढी भन्दा बढी योजनाहरु अनुगमन गर्न सक्ने अवस्थामा भएकोमा सो समेत नगरी बैठक भत्ता खाने उद्देश्यले दिनको एउटामात्र बैठक बसेको छ। योजना अनुगमन गर्ने काम गाउपालिकाको नियमित काम भएकोमा बैठक भत्ता भुक्तानी दिई बढी आर्थिक भार पार्ने कार्य भएको रु. ६,१०,०००/-

| गो.भौ./मिति | बैठकको बिषय | बैठक संख्या | उपस्थिती | रकम (रु.) |
|---|---|---|---|---|
| ३३२/२०७५/३/७ | योजना अनुगमन गरेको भनि प्रति योजना | ४ | ९ जना | ३६०००.०० |
| ३२९/२०७५/३/७ | योजना अनुगमन गरेको भनि प्रति योजना | १ | ९ | ९०००.०० |
| ३३०/२०७५/३/७ | योजना अनुगमन गरेको भनि प्रति योजना | १ | ८ | ८०००.०० |
| ३३१/२०७५/३/७ | योजना अनुगमन गरेको भनि प्रति योजना | १ | ८ | ८०००.०० |
| ३२८/२०७५/३/७ | योजना अनुगमन गरेको भनि प्रति योजना | ५ | ९ | ४४०००.० |
| ३३३/२०७५/३/७ | योजना अनुगमन गरेको भनि प्रति योजना | ५ | ९ | ४१०००.०० |
| ३३४/२०७५/३/७ | वडा नं.८को योजना अनुगमन गरेको भनि वडा स्तरीय अनुगमन | ८ | ७ | ५८०००.० |
| ३४२/२०७५/३/११ | वडा नं. ६ र ७ को योजना अनुगमन गरेको भनि वडा स्तरीय अनुगमन | - | - | ११६०००.० |
| ३४०/२०७५/३/११ | वडा नं. ५ को योजना अनुगमन गरेको भनि वडा स्तरीय अनुगमन | - | - | ५८०००.० |
| ३७९/२०७५/३/२४ | वडा नं.२ को योजना अनुगमन गरेको भनि वडा स्तरीय अनुगमन | - | - | ५८०००.० |
| ४०४/२०७५/३/२६ | वडा नं.१ को योजना अनुगमन गरेको भनि वडा स्तरीय अनुगमन | - | - | ५८०००.० |
| ४२७/२०७५/३/३२ | वडा नं.४ को योजना अनुगमन गरेको भनि वडा स्तरीय अनुगमन | - | - | ५८०००.० |
| ४७०/२०७५/३/३२ | वडा नं.३ को योजना अनुगमन गरेको भनि वडा स्तरीय अनुगमन | - | - | ५८०००.० |
| | **जम्मा** | | | **६१००००.००** |

उल्लेख भएबमोजिमको रकम असुल गरी कानूनले पाउने अबस्थामा मात्र बैठक भत्ता उपलब्ध गराई यस्तो खर्चलाई व्यबस्थित र मितव्ययी बनाउनु पर्दछ।

३८. **खर्च शिर्षक बिपरीत कार्यक्रम खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ (२) बमोजिम गाउँपालीका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको बर्गिकरण तथा खर्च शिर्षक अवलम्बन गर्नु पर्ने  व्यवस्था छ। त्यस्तै आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (१) बमोजिम कार्यालय प्रमुखले निकासा लिई बजेटका सिमा भित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले केही कार्यक्रममा खर्च शिर्षक बिपरीत र केही कार्यक्रम बजेटमा नै व्यवस्था नभएका शिर्षकमा खर्च गरेको अनियमित देखिएको रु. १,५६,१९०/०

| गो.भौ.नं./मिति | विवरण | खर्चको विवरण | रकम (रु.) |
|---|---|---|---|
| ७९/२०७५/३/२५ | गोयुङ्गाथान खाल्टेपानी मो.बा. | बिबिध शिर्षकबाट | ३००००.०० |
| ८०/२०७५/३/२५ | गल्ला खानेपानी योजना | बिबिध शिर्षकबाट | १९९०.०० |
| ९०/२०७५/३/३२ | हुल्लाखर्क  छहरा मोटर बाटो | मर्मत सम्भार शिर्षकबाट | ५०४००.०० |
| ९७/२०७५/३/३२ | डेल कम्प्युटर खरिद थान १ | भैपरी शिर्षकबाट | १७०००.०० |
| ९९/२०७५/३/३२ | मोवाइल ३ थान खरिद | भैपरी शिर्षकबाट | ५६८००.०० |
| | **जम्मा** | | **१५६१९०.००** |

साथै व्यक्तिगत प्रयोजनमा आउने मोवाइल कस्का लागि खरिद गएिको हो सो समेत खुलेको छैन। यस प्रकार अनियमित खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

३९. **बसाई व्यबस्थापनः** आर्थिक बार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले वडा नम्वर ४ कार्यालयको बजेटबाट महाकाली मा.बि.लाई वालवालीको वसाई व्यवस्थापन गर्न गोभौनं.९१।२०७५।३।३२ बाट रु.१,२५,०००.०० बिद्यालयको खातामा रकम जम्मा गरेकोमा सो कार्यक्रम संचालन भयो भएन बिल भरपाई तथा प्रमाण कागजात पेश नभएको यकिन हुन नसकेको रु. १,२५,०००/-

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४०. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ (१) बमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यका कार्यस्वीकार र सो को प्रतिवेदन तयार गर्नु पर्ने र ११७ (२) बमोजिम भुक्तानीको लागि सम्बन्धित आर्थिक प्रसाशन शखामा पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वडा नं. ७ कार्यालयको सिफारिस बमोजिम वडा कार्यालय भवन मर्मत कार्य उपभोक्ता समितिबाट गराई लागत अनुमान रु. ६७११६९.०० को कामम केही आइटम काम नै नगरी गोभौनं.५०।२०७५।३।२१ बाट रु. ५९८०००.०० को कार्य सम्पन्न बनाई भुक्तानी भएको छ । उपभोक्त समितिलाई पुरा काम नगराई भुक्तानी गर्दा उपभोक्ता समितिले व्यहोर्नुपर्ने जनसहभागितामा अनुपातिक कट्टी गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु | ७३,०४२/- |
| ४१. | **काम नभई भुक्तानी:** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धाको आधारमा खरिद एवं निर्माण कार्य गराउनु पर्नेमा विद्युतको पोल, तार खरिद एवं जडान कार्य गर्नेगरी नेपाल विद्युत प्राधीकरण पाल्पासँग २०७५।३।५ मा सम्झौता गरी गोभौनं.११४।२०७५।३।५ बाट उक्त निकायको धरौटी खातामा जम्मा हुने गरी रु.२,३५,००,०००।०० जम्मा गरेको छ । उक्त कार्यको बोलपत्र आह्वान नगरी सिधै प्राधीकरणसँग सम्झौता गरेको, प्राधीकरणले उक्त कार्यको बिस्तृत लागत अनुमान तयार गर्नुपर्नेमा एकमुष्ट लागत अनुमान तयार गरेको र सोही आधारमा सम्झौता गरेको पाइयो । सम्झौतामा कार्य सम्पन्न गर्नुपर्ने अबधि समेत नखुलाएको एवं सामान प्राप्त भई जडान नहुदै बजेट खर्च लेखेको देखिएकोले सम्झौताबमोजिम सम्पूर्ण कार्य भएको प्रमाण पेश गर्नुपर्ने रु. | २,३५,००,०००/- |
| ४२. | **बढी ग्रेड निकासा:** शिक्षा नियमावली, २०५९ बमोजिम पारित तलवि प्रतिवेदनको आधारमा शिक्षकको तलब निकासा दिनुपर्नेमा देहायबमोजिमा शिक्षकहरुलाई तलवि प्रतिवेदनमा उल्लेख भएभन्दा बढी ग्रेड निकासा भएको रकम असुल गर्नुपर्ने रु. | २२,२३७/२० |

| गोभौनं./मिति | बिद्यालयको नाम | शिक्षकको नाम | निकासा दिनुपर्ने ग्रेड | निकासा भएको ग्रेड | फरक रकम | बढी निकासा |
|---|---|---|---|---|---|---|
| १/२०७४/५/२७ | भयरस्थान प्राबि | धन बहादुर बुडा | २३४९.०० | ३१३२.०० | ७८३.०० | १०१७९.०० |
| " | " | झविलाल दर्लामी | २३४९.०० | ३१३२.०० | ७८३.०० | १०१७९.०० |
| | | कसंकोष थप | | | | १८७९.२० |
| | | **जम्मा** | | | | **२२२३७.२०** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४३. | **कर ढिलो दाखिला:** आयकर ऐन २०५८ को दफा ९५ (क) (९) बमोजिम अग्रिम कर असुल गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र बिभागले तोकेको तालिका र ढाँचामा दाखिला गर्नुपर्ने र उपदफा १३ बमोजिम म्याद भित्र दाखिला नगरेमा कर रकम बराबरको सो दाखिला गर्नुपर्ने व्यक्तिबाट असुल गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले कर्मचारीहरुलाई पारिश्रमिक दिदा कट्टा गरिएको कर, बैठक भत्ता वापतको कर, बिभिन्न व्यक्ति फर्म संस्था र निकायलाई भुक्तानी गर्दा कट्टा गरिएको कर रकम जम्मा रु.३७,२९,७५९।५५ मिति २०७५।४।३० मा मात्र दाखिला गरेको छ । कानुनको प्रावधान बमोजिम दाखिला गर्नुपर्ने रकम समयमा दाखिला नगरी एक आर्थिक बर्ष भरीको कर अर्को आर्थिक बर्षमा दाखिला गरेकोले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमित दाखिला गराउने तर्फ व्यवस्थापनको ध्यान जानु पर्दछ । | |
| ४४. | **अतिरिक्त सुबिधा:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कर्मचारीहरु बिहान बेलुका तथा रात्रीको समयमासमेत खटिई काम गरेको भनि मासिक खाइपाई आएको तलवमा मासिक २५ प्रतिशत थप प्रोत्साहन भत्ता समेत भुक्तानी गरेको छ भने करारमा नियुक्त भएका प्राबिधिक कर्मचारीहरुलाई फिल्ड भत्ता समेत भुक्तानी दिएको छ । बर्षभरीमा यस्तो खर्च रु.२३,८५,०१३/- भएको देखिन्छ । यस अलावा परिषदबाट स्वीकृत समेत नगराई गाउँपालिकाका अध्यक्षको टिप्पणी आदेशका आधारमा गाउँपालिका सभा बस्दाको समयमा बर्षमा २ पटक एक एक महिनाको तलब बराबर परिषद भत्ता खुवाएको अवस्थामा समेत थप प्रोत्साहन भत्ता दिनुले आर्थिक व्ययभार बढ्न गएको रु. | २३,८५,०१३/- |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

छलफलको क्रममा दरबन्दीबमोजिमको जनशक्ति नभएकोले अत्यधिक कार्यबोझ भएकोले उक्त सुविधा प्रदान गरेको र हाल उक्त व्यबस्था बन्द भएको व्यहोरा जनाएको छ ।

४५. **पदाधिकारी थप सुबिधाः** प्रदेश नं.५ को प्रदेश सरकारले जारी गरेको ऐन नं.२ को दफा ६ (२) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई संचार सुबिधा वापत अनुसुची -१ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहले आन्तरीक श्रोत समेतको आधारमा संचार सुबिधा दिन पाउने व्यवस्था छ । यस गाऊँपालिकाले उक्त तोकिएको सुबिधा पुरै भुक्तानी गरेकोमा अबस्थामा पनि परिषदबाट निम्नानुसार संचार सुबिधा भुक्तानी गरको नियमसम्मत नदेखिएको रु. १,८७,८००/-

| विवरण | मासिक दर (रु.) | महिना | रकम (रु.) |
|---|---|---|---|
| गाउँपालीका अध्यक्ष-१ | १५००.०० | १२ | १८०००.०० |
| गाउँपालीका उपाध्यक्ष-१ | १५००.०० | १२ | १८००.०० |
| वडा अध्यक्ष-८ | १०००.०० | १२ | ९६०००.०० |
| कार्यपालिका सदस्य-६ | १०००.०० | १२ | ७२०००.०० |
| **जम्मा** | | | **१८७८००.००** |

४५.१. प्रदेश सभाले बनाएको २०७५ सालको ऐन नं.२ को दफा १३ बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुबिधा बाहेक अन्य सुबिधा लिन नपाउने व्यवस्था गरेको छ । गाउँकार्यपालिकाको मिति २०७५।३।३० को निर्णय बमोजिम उपाध्यक्षलाई बजेट प्रस्तुत गरे वापत रु. १००००.०० र १६ जना कार्यपालिका सदस्यहरुलाई बजेट अधिबेसनमा खटिए वापत जनही १० हजार रुपैयाँका दरले कुल १७ जनालाई रु. १७००००.०० भुक्तानी दिएकोले ऐन बिपरीतको उक्त खर्च रकम असुल गर्नुपर्ने रु. १,१७,०००/-

४५.२. प्रदेश नं.५ को प्रदेश सरकारले जारी गरेको ऐन नं.२ को दफा १३ बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले यस ऐनले निर्धारण गरेको सुबिधा बाहेक अन्य सुबिधा लिन नपाउने व्यवस्था गरेको छ । गाउकार्यपालिका बैठकले ३ जना सदस्यहरुलाई घर टाढा भएको भनि बैठकमा भागलिन आउदा प्रति बैठक रु.५००.०० का दरले बास खर्च दिने निर्णय गरेको छ । ऐनले व्यवस्था गरेको सुबिधा पुरै भुक्तानी लिएको अवस्थामा सो सुबिधा बाहेक अन्य सुबिधाको व्यवस्था नभएकोले गोभौनं.४७३।२०७५।३।३२ बाट खर्च लेखेको रकम असुल गर्नुपर्ने रु. ४८,०००/-

४५.३. प्रदेश नं.५ को प्रदेश सरकारले जारी गरेको ऐन नं.२ को दफा ६ (२) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई संचार सुबिधा वापत अनुसुची -१ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहले आन्तरीक श्रोत समेतको आधारमा संचार सुबिधा दिन पाउने व्यवस्था छ । गाउँपालिकाले २६ जना पदाधिकारीलाई रु. २५००.०० का दरले अनुसुची १ मा उल्लेख भएको सुबिधा पुरै भुक्तानी दिई त्यस बाहेक स्वास्थ्य बिमा प्रिमियम समेत भुक्तानी दिएकोले ऐनको व्यवस्था भन्दा बढी दिएको सुबिधा असुल गर्नु पर्ने रु.. ६५,०००/-

छलफलको क्रममा कार्यालयले प्रदेश कानून नबन्दै कार्यपालिका बैठकले निर्णय गरी यस्तो सुबिधाहरु दिने व्यबस्था गरेको व्यहोरा जनाएतापनि गाऊँ कार्यपालिकाको निर्णयको आधारमा पदाधिकारीहरुलाई सुविधा दिन मिल्ने देखिदैन ।

४६. **अन्य कार्यालयको खर्चः** गाउँपालिकाको बजेटबाट प्रहरी चौकि मुझुङ्गलाई पटक पटक इन्धन लगायत अन्य खर्चको बिल समेको भुक्तानी भएको छ । गाउँपालिका र वडा कार्यालयहरुको सिफारिशमा छुट्टै अस्तित्व र बजेट भएको अर्को निकायलाई भुक्तानी दिनुपर्ने पर्याप्त कारण नरहेकोले यस्तो खर्च नियन्त्रण गर्ने तर्फ व्यवस्थापनको ध्यान जानु पर्दछ ।

| भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| ७६/२०७४/९/२० | इन्धनको बिल भुक्तानी | ३००००.०० |
| २४/२०७४/११/२० | वडा नं. ४ बाट इन्धनको बिल भुक्तानी | १००००.०० |
| ९६/२०७५/३/३२ | वडा नं. ४ बाट इन्धनको बिल भुक्तानी | ५०००.०० |
| ९/२०७४/७/१५ | गाउँपालिकाबाट ईलाका प्रहरी कार्यालय मुझुङको गाडी मर्मत | २८९९८.०० |
| १९/२०७४/७/३० | गाउँपालिकाबाट जिल्ला ट्राफिक प्रहरीको भवन निर्माण खर्च | २६५१६.०० |
| १२२/२०७४/१२/४ | इलाका हुलाक कार्यालयका लागि फोटोकपी मेसिन खरिद | १०००००.०० |
| २६७/२०७५/३/५ | गाउँपालिकाबाट ईलाका प्रहरी कार्यालय मुझुङको वाल निर्माण | २०००००.० |
| | **जम्मा** | **४००५१४.००** |

४७. **पटक पटक खरिदः**सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) ले खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक टुक पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले निम्नानुसारका समान प्रकृतीका मालसामान प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गरेको पाइयो जस्ले गर्दा श्रोतको उपयोगमा मितव्ययिता कायम भएको पाइएन । ऐनको व्यवस्था विपरीत खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| भौ.नं./मिति | विवरण | आपूर्तिकर्ता | रकम (रु.) |
|---|---|---|---|
| १६/२०७४/७/२९ | सोलार प्यानल | नेपाल इ कम कन्सर्न | ३१२०००.०० |
| ३५/२०७४/९/३ | सि.सि.टि.भि. | डि.ए.भि.कम्प्युटर सप्लायर्स | २९९४५०.०० |
| १४३/२०७४/१२/१३ | ३ थान कम्प्युटर, प्रिन्टर | आइ.टी.जक्सन मल्टीसर्भिस | ४९७२००.०० |
| ३६२/२०७५/३/२२ | डेल ल्यापटप | गैरे कम्प्युटर सर्भिस | ७००००.०० |
| ३७२/२०७५/३/२६ | आइ.टी. तथा इन्जिनियरिङ्ग सम्बन्धि सामाग्री | फिसटेल सप्लायर्स | ४९९९९१.०० |
| २२६/२०७५/२/१४ | पाइप खरिद | साकुरा पाइप उद्योग | १६०००००.० |
| ३६२/२०७५/३/२५ | ग्याबिन जाली | सिद्धिबिनायक ट्रेड सेन्टर | ४९५५९८.०० |
| ३६६/२०७५/३/२५ | ग्याबिन जाली | सिद्धिबिनायक ट्रेड सेन्टर | २४९९८३.०० |
| | **जम्मा** | | **४०२४२२२.०** |

४८. **कार्य नभई भुक्तानी**: आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४(३) बमोजिम कुनै कामको लागि दिएइकोपेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । त्यसैगरी रैनादेबी छहरा गाउँपालिका र छहरा सामुदायीक बिद्युत बितरक संस्था, छहरा पाल्पा बिच २०७५।२।१५ मा समुदायीक बिद्युत म्याचिङ कार्यक्रम सम्झौता अनुसार गाउँपालिकाले गरेको योगदान रु. ३३०६६२.०० पेश्की कायम गरी कार्य मुल्यांकन तथा कार्य सम्पन्न प्रतिबेदनका आधरमा पेश्की फछ्र्यौट गनुपर्ने व्यवस्था छ । गोभौनं.३४५।२०७५।३।२४ बाट रु. ३३०६६२.०० पेश्की समेत नजनाई संस्थाको बैक खातामा दाखिला गरेकोले सम्झौता अनुसार पेश्की कायम गरी सो को कार्य सम्पन्न प्रतिबेदन पेश हुनुपर्ने रु.. ३,३०,६६२/-

४९. **कर कट्टी तथा दाखिला**:आयकर ऐन २०५८ को दफा ८८ (१) बमोजिम बासिनदा व्यक्तिले नेपालमा श्रोत भएको व्याज प्राकृतिक श्रोत, भाडा, कमिसन, घरभाडा, ढुवानी भाडा आदिमा श्रोतमा नै कर कट्टी गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउपालीकाले यस्ता भुक्तानी गर्दा केहीमा कर कट्टी गरेपनि पुरै भुक्तानी भएको, केहीमा कम भुक्तानी कट्टा गरेको निम्नानुसारका रकमहरु सम्बन्धीतबाट असुल गरी दाखिला गर्ने रु. ८,३४३/-

| गो.भौ नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| ४६/२०७४/९/१८ | गाउँपालिकाले खरको छाना स्थानान्तरण कार्यक्रम अन्तर्गत जस्तापाता ढुवानीमा गराउदा ढुवानी भाडा कर कट्टी नगरेको | २३४३.०० |
| २३१/२०७५/२/२४ | ढुवानी भाडाकर (लु.१ ख. १४१३ र लु.१ ख. ३३३) | ३८००.०० |
| ३०३/२०७५/३/१२ | अमिले जैसेटोल बस्ति संरक्षण अन्तर्गत ढुवानी भाडा | १०००.०० |
| ३०६/२०७५/३/१५ | बेद बेदाङ्ग मा.बि. मर्मत सम्भार तथा स्वर्ण महोत्सव अन्तर्गत ढुवानी भाडामा भाडा कर | १२००.०० |
| | **जम्मा** | **८३४३.००** |

५०. आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ ।जिन्सी निरीक्षण भएको पाइएन । खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने नगरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । गाँऊपालिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुर्‍याई नियमाबलीको पालनामा ध्यान दिनुपर्दछ ।

५१. **स्थलगत निरीक्षण**: लेखापरीक्षणको सिलसिलामा २०७५।५।१२ का दिन बिभिन्न योजनाको स्थलगत निरीक्षण गर्दा निम्नानुसार देखिएको छ:

५१.१. लागत अनुमान रु.४४,२१,४७७।०० भएको भालुखान मुभुगंमा आर सि सि मोटरबाटो उपभोक्ता समिति मार्फत २०७५।३।२२ मा निर्माण सम्पन्न गरी रु.४३,८६,०००।०० भुक्तानी ( गोभौनं.४११।२०७५।३।३१) भएको छ । भित्ताको माटो काटी बाटो बिस्तार, नाला निर्माण समेत करिब ४०२ मीटर लामो आर.सी.सी. ढलान गरेको उक्तबाटो मध्यभागतिर करिब १०० मीटर क्षेत्रमा पैह्रो गएको देखियो । निर्माण कार्य गर्दा वायो इन्जिनियरिङ्गको कार्य समेत समाबेश गर्नुपर्ने देखिन्छ ।

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>५१.२.</td><td>कार्यालयले बोलपत्रको माध्यमबाट बिभिन्न जाइजको १०४ थान ह्युम पाईप खरिद गरी रु.१९,८९,१००।०० भुक्तानी भएकोमा उक्त पाईप लेखापरीक्षण अवधिसम्म बितरण नगरी मौज्दातमा राखेको पाइयो । यसरी खरिद गरेको पाईप वडा नं.४ स्थित बोखरमा मौज्दात राखेको पाइयो । लेखापरीक्षणको सिलसिलामा २०७५।५।१२ का उक्त स्थानको स्थलगत निरीक्षण गर्दा ९६ थान मात्र मौज्दात रहेको देखियो । बाँकी ८ थान वडा नं.७ को वडा अध्यक्षको जिम्मामा जोगदमारमा रहेको बुझिन आएको छ । बिना प्रयोजन वडा अध्यक्षको जिम्मामा राखेको उपयुक्त देखिएन । साथै कार्यालयको आबश्यकता बिश्लेषण गरी आबश्यक पर्ने निर्माण सामग्री खरिद गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५१.३.</td><td>यस गाऊँपालिकाको वडा नं.४ अन्तर्गत कटुवा खोला भेन्टेड कजवे निर्माणको रु.११,१६,८८६।०० लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गरी रु.१०,००,०००।०० भुक्तानी भएको छ । उक्त कजवेको एकापटीमा भागमा खेतमा परेको देखियो । उक्त खेतको जग्गाधनीले बाटो उपलव्ध नगराएको अबस्थामा उक्त कजवे प्रयोगमा आउन सक्ने देखिएन ।</td><td></td></tr>
<tr><td>५१.४.</td><td>यस गाऊँपालिकाको वडा नं.४ अन्तर्गत चोरगोठ लिफ्ट खानेपानी आयोजनाको रु.२९,९५,७८३।०० को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गरी रु.२३,७३,०००।०० भुक्तानी भएको छ । स्थलगत निरीक्षणको क्रमका फेरो टेंक लगायतका कार्य भएको देखिकोमा विद्युतीकरणको कार्य नभएको कारण उक्त आयोजना सञ्चालनमा नआएको देखियो । साथै खरिद भएका सम्बरसिवल पम्प, कन्ट्रोल प्यानेल लगायतका सामान स्थलगत रुपमा रहेको देखिएन । यसैगरी पम्प हाउसमा रु.५,८०१।०० खर्च गरी ग्रिल कार्य गरेको उल्लेख भएको उक्त कार्य समेत भएको देखिएन ।<br>आन्तरिक आयतर्फ</td><td></td></tr>
<tr><td>५२.</td><td>भवन नक्सा पास : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास गाँउाई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष नक्सापासका लागि कुनै निवेदन पेश भएको छैन । गाँउपालिकाले गाँउक्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.</td><td>कवाडी ठेक्का : गाउँपालीका र्यालयले बिनोद प्रसाद जैसवाल वधवन- ४, वारासँग २०७४।४।१५ मा कवाडी समानहरुको वार्षिक रु. २५००००.०० बुझाउने गरी ठेक्का सम्झौता भएको र प्रति ३/३ महिनामा किस्ता बुझाउनु पर्ने शर्त रहेको छ । सम्झौताको बुदा नं. ३ बमोजिम समयमा किस्ता नबुझाए २५ प्रतिशतले जरीवाना लाग्ने शर्त रहेकोमा निजले प्रथम र दोश्रो किस्ता वापत रु.१२५०००.०० मात्र बुझाई बाँकी रकम हाल सम्म नबुझाएकोले जरिवाना समेत असुल गर्नुपर्ने रु...</td><td>१,२५,०००/-</td></tr>
<tr><td>५४.</td><td>नगदी रसिद नियन्त्रण खाता: गाउँपालीका कार्यालयले रसिद छपाई गरी सबै वडाहरुमा पठाउनुपर्ने र सो रसिदहरुको अभिलेख (रसिद नियन्त्रण खाता) राख्नु पर्नेमा वडाहरुले आफै रसिद छपाई गरी आम्दानी गर्ने गरेको पाइयो । वडाहरुले समेत रसिद नियन्त्रण खाता नराख्दा कति रसिदहरु छपाई भए र कति खर्च भयो एकिन गर्ने आधार भएन । गाउँपालिका र वडा कार्यालयहरुमा हुने आम्दानीको नगदी रसिद छपाई एकै ठाउँबाट गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>रकम ढिला दाखिला गर्ने : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ो व्यवस्था छ । गाँउपालिका अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले ३, ४ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>५६.</td><td>वित्तीय जवाफदेहिता मूल्यांकन: कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा अनुसूची १ मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । यसमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७.</td><td>अनुगमन लेखापरीक्षण र सम्परीक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ:
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>५,३८,५९,०९४/-</td><td>३,६७,११,२०८/२४</td><td>१,७१,४७,८८५/७६</td></tr>
</table>
यो बर्षको सम्परीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्:</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

५७.१. **व्यवस्थापन खर्चः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) बमोजिम निर्माण कार्यमा लागत अनुमान अनुसुची-१ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने व्यवस्था भएको र अनुसुची-१ बमोजिम जिल्ला दररेट र नर्म्सका आधारमा लागत अनुमान तयार गर्नु पर्ने जसमा वर्कचार्ट, स्टाफ खर्च २.५ प्रतिशत, सानातिना खर्चको लागि २.५ प्रतिशत र बोलपत्रदाताको ओभरहेड १५ प्रतिशत मात्र थप गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ भने उपभोक्ता समिति मार्फत काम गराउनेमा ओभरहेड वापत लागत जोड्न नपाइने व्यवस्था छ । गाउँपालिका कार्यालयले आ.ब.२०७३।७४ को लागि योजनाहरुको लागत अनुमान तायार गर्दा कन्टिजेन्सी रकम बाहेक प्रत्येक योजनामा व्यवस्थापन खर्च (Management cost) भनी लागत अनुमानमै व्यवस्था गरी उपभोक्ता समितिहरुलाई भुक्तानी दिएको छ । यसरी व्यवस्थापन खर्च भनी लागत अनुमानमा समाबेश गर्न पाईने कानुनी व्यवस्था नभएकोले यस्तो खर्च लागत अनमानमा समाबेश गर्ने, लागत अनुमान स्वीकृत गर्ने र भुक्तानी दिने व्यक्तिलाई जिम्मेवार बनाई भुक्तानी भएको व्यबस्थापन खर्च असुल गर्नुपर्ने रु. २,३६,०००/-

| वडा नं. | योजना संख्या | रकम (रु.) |
|---|---|---|
| १ | १९ | ६८५००.०० |
| ४ | ३६ | १००७००.०० |
| ५ | १२ | ३५५००.०० |
| ६ | १३ | ३१३००.०० |
| | **जम्मा** | **२३६०००.००** |

सम्परीक्षणका क्रममा रु.१ लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरुको मात्र परीक्षण गरिएकोले सोभन्दा साना योजनामा भुक्तानी भएको व्यवस्थापन खर्च कार्यालयले यकिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

५७.२. **बिल भरपाई बिना खर्चः** आर्थिक बार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । वडा नं.१ ले गोभौनं.१२/२०७४/३/२५ बाट रु. ३२,०००.०० खर्च लेखेको प्रमाण संलग्न नरहेको रु. ३२,०००/-

५७.३. **पेश्की फछ्र्यौट हुन बाँकी :** वडा नं.४ गाउँपालिकाबाट वडा कार्यालयलाई दिएको पेश्कीबाट पुन उपभोक्ता समितिलाई पेश्की दिएकोमा उक्त कार्यहरु हालसम्म सम्पन्न नगरी फछ्र्यौट भएको छैन । काम नगरी पेश्की लिएको निम्नानुसारका व्यक्तिहरुबाट उक्त पेश्की रकम अबिलम्ब असुल गरी दाखिला गर्नुपर्ने रु.. २,०३,०००/-

| भौ.नं./ मिति | योजनाको नाम | पेश्की लिनेको नाम | रकम (रु.) |
|---|---|---|---|
| ६६/२०७४/३/२८ | लागु औषधी तालीम तथा हाजिरी जवाफ | झलक बहादुर रायमाझी | ८०००.०० |
| ६८/२०७४/३/२८ | बिश्वकर्मा मन्दिर निर्माण | महेश बराल सुनार | ९००००.०० |
| ६९/२०७४/३/२८ | जेष्ठ नागरिक सम्मान | रबिन्द्र रायमाझी | ७००००.०० |
| ८५/२०७४/३/२८ | सार्वजनिक शौचालय निर्माण | यम बहादुर बुढा | ३५०००.०० |
| | **जम्मा** | | **२०३०००.००** |

५८. **बेरुजुः** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ३१ लाख ६५ हजार, अनियमति बेरुजु रु. ९० लाख ८७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२ करोड ४३ लाख ५१ हजार र पेश्की बाँकी देखिएको रु. २ लाख ०३ हजार समेत रु. ३ करोड ६८ लाख ०६ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएकोले ३ करोड ६८ लाख ०६ हजार बेरुजू कायम भएको छ ।

५९. **अनुगमन लेखापरीक्षण र सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः

| गत वर्षको बेरुजु रकम (रु.) (**A**) | यो वर्ष फछ्र्यौट (**B**) | बाँकी (**C= A-B**) |
|---|---|---|
| ५४०६१ | ३६७११ | १७३५० |

६०. **अद्यावधिक बेरुजु स्थितिः** यस गाऊँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु. (**C**) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (**D**) | यो वर्षको कायम बेरुजु रु. (**E**) | बाँकी (**F= C+D+E**) |
|---|---|---|---|
| १७३५० | ४७१ | ३६३३५ | ५४१५६ |

अनुसूची-१

# रैनादेबी छहरा गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | पाल्पा | रैनादेबी छहरा गा.पा. | ५३ | २७ | ३६८०६ | ० | ० | ० | ५३ | २७ | ३६८०६ | ३१६५ | ९०८७ | २४३५१ | ० | ० | ३३४३८ | २०३ | ० | २०३ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १. | रैनादेबी छहरा गा.पा. | पाल्पा | ६३६३ | १८७१३० | १६४९५० | ५५४२४ | ४१३८६७ | २४७६४ | १४६९५० | २२२८७८ | ३९४५९२ | १९२७५ |